**अनुसूची- २**

(दफा४तथा अनसूची-१को भाग-२ सँग सम्बन्धित)

देउमाई नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ३ संख्या ३.३ मिति: २०७६/०८/२७

**भाग-२**

**देउमाई नगरपालिका**

# देउमाई नगरपालिका नगर दलित समन्वय समिति सञ्चालन कार्यविधि, २०७६

# देउमाई नगरपालिका

## नगर दलित समन्वय समिति सञ्चालन कार्यविधि, २०७६

कार्यपालिकाद्वारा स्वीकृत मितिः२०७६.०८.२७

नगरसभाबाट स्वीकृत मितिः२०७७.०३.१०

प्रस्तावना :

नेपालको संविधानको प्रस्तावना, मौलिक हकको मर्म र भावना एवं राज्यले लिएको नीति तथा सिद्धान्त समेतलाई आत्मसाथ गर्दै स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजीम लक्षित बर्ग सम्बन्धी नगरपालिकालाई प्रदत्त काम, कर्तव्य र अधिकारको प्रयोग गर्दै, दलितको समुदायको हक, हित तथा अधिकार संरक्षण, सम्बर्द्धन एवम् प्रत्याभूत गरी देउमाई नगरपालिकालाई समतामूलक नगरको रुपमा विकास गर्न साथै प्रचलित कानूनले परिभाषित गरेको दलित समुदायलाई राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक एवम् शैक्षिक लगायत समग्र क्षेत्रमा पहिचान, प्रतिनिधित्व र पहुँच अभिबृद्धि गर्दै नगर विकासको मूलप्रवाहमा समावेश गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, "देउमाई नगरपालिका, नगर दलित समन्वय समिति" को स्थापना र सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(७) तथा देउमाई नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरेर देउमाई नगरकार्यपालिकाले "देउमाई नगरपालिका नगर दलित समन्वय समिति सञ्चालन कार्यविधि, २०७६" जारी गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "देउमाई नगरपालिका नगर दलित समन्वय समिति सञ्चालन कार्यविधि, २०७६" रहेकोछ ।

(२) यो कार्यविधि देउमाई नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

(३) यो कार्यवधि देउमाई नगरपालिका भित्र लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

**(क) "अध्यक्ष"** भन्नाले नगर दलित समन्वय समितिको अध्यक्षलाई सम्झनुपर्छ ।

**(ख) "उपाध्यक्ष"** भन्नाले नगर दलित समन्वय समितिको उपाध्यक्षलाई सम्झनुपर्छ ।

**(ग) "उपप्रमुख"** भन्नाले देउमाई नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

(घ) **"कार्यपालिका"** भन्नाले देउमामई नगर कार्यपालिका सम्झनुपर्छ ।

**(ङ) "कोषाध्यक्ष"** भन्नाले नगर दलित समन्वय समितिको कोषाध्यक्षलाई सम्झनुपर्छ ।

**(च) "नगरपालिका"** भन्नाले देउमाई नगरपालिका सम्झनुपर्छ ।

**(छ) "नगरसभा"** भन्नाले देउमाई नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

(ज) **"पदाधिकारी"** भन्नाले नगर दलित समन्वय समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनुपर्छ ।

**(झ) "प्रमुख"** भन्नाले देउमाई नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

**(ञ) "प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले देउमाई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

**(ट) "वडा समिति"** भन्नाले देउमाई नगरपालिकाको वडा समिति सम्झनुपर्छ ।
**(ठ) "वडा अध्यक्ष"** भन्नाले देउमाई नगरपालिकाको वडाको वडा अध्यक्षलाई सम्झनुपर्छ ।
**(ड) "समिति"** भन्नाले नगर दलित समन्वय समितिलाई सम्झनुपर्छ ।
**(ढ) "सदस्य"** भन्नाले नगर दलित समन्वय समितिको सदस्यलाई सम्झनुपर्छ ।
**(ण) "सदस्य सचिव"** भन्नाले नगर दलित समन्वय समितिको सदस्य सचिवलाई सम्झनुपर्छ ।
**(त) "तोकिए बमोजीम"** भन्नाले यस कार्यविधि बमोजीम तोकिएको भन्ने सम्झनु पर्छ ।

**३. उद्देश्य :** नगर दलित समन्वय समिति संचालन गर्नको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) देउमाई नगरपालिका क्षेत्र भित्र रहेका दलित समुदायको हक, हित तथा अधिकार संरक्षण, सम्बर्द्धन एवम् प्रत्याभूत गर्नमा सहयोग पुर्‍याउनु ।

(ख) प्रचलित कानूनले परिभाषित गरेको दलित समुदायलाई राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक एवम् शैक्षिकलगायत समग्र क्षेत्रमा पहिचान, प्रतिनिधित्व र पहुँच अभिबृद्धि गर्दै समतामूलक समाजको निर्माण गर्न सहगोग पुर्‍याउनु

(ग) नगर विकासको मूलप्रवाहमा दलित समुदायलाई समावेश गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सहगोग पुर्‍याउनु,

(घ) आर्थिक, समाजिक र शैक्षिक दृष्टिकोणले पछि परेका दलित समुदायको क्षमता अभिवृद्धि गर्न सहयोग पुर्‍याउनु ।

## परिच्छेद-२

## समितिको गठन तथा काम, कर्तव्य, अधिकार

**४. समितिको गठनः** समितिको गठन देहाय बमोजीम हुनेछ ।
(क) नगर कार्यपालिकामा रहेका दलित सदस्यहरु मध्येबाट नगर कार्यपालिकाले छानेको व्यक्ति– अध्यक्ष
(ख) दलित समुदायको हक, हित र अधिकार प्राप्तिको लागि उल्लेखनीय योगदान गरेको व्यक्ति - उपाध्यक्ष
(ग) नगर कार्यपालिकाले तोकेको कर्मचारी एकजना - सदस्य सचिव
(घ) मनोनित सदस्यहरु मध्येबाट प्रमुखको सिफारीसमा कार्यपालिकाले तोकेको एकजना–कोषाध्यक्ष
(ङ) दलित समुदायको हक, हित संरक्षण र सम्बर्द्धनमा विशेष योगदान गर्ने व्यक्ति , संघ, संस्था समेतको प्रतिनिधित्व हुने गरी प्रत्येक वडावाट नगर प्रमुखको सिफारीसमा कार्यपालिकाले तोकेको नौ जना - सदस्य

**५. समितिको तथा समितिमा रहने सदस्यहरुको पदावधीः** दफा ४ बमोजिम गठन भएको समितिको पदावधी पाँच वर्षको हुनेछ । समितिमा रहने मनोनित सदस्यहरुको पदावधि भने गठन भएको मितिदेखि तीन (३) वर्ष हुनेछ ।

**६. राजिनामाः** समितिको अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सदस्यहरुले कुनै कारणबाट आफ्नो पदबाट राजिनामा दिन चाहेमा समितिको अध्यक्षले नगर प्रमुख समक्ष र अन्यले समितिको अध्यक्ष समक्ष राजिनामा पेश गर्नुपर्नेछ ।
**७. रिक्त पदपूर्तीः** समितिको पदावधि बाँकी रहदै पदावधिको बीचमा राजिनामा दिई, मृत्यु भई, अशक्त भई, फौजदारी अभियोगमा अदालतबाट सजाय पाई, बसाईसरी बाहिर गएमा, पदिय दायित्व सन्तोषजनक ढङ्गले वहन नगरी पदबाट फिर्ता बोलाई वा अन्य कारणले समितिको पदाधिकारी वा सदस्यहरुको पद रिक्त भएमा रिक्त पदको पदपूर्ती नगर कार्यपालिकाले यस कार्यविधिमा तोके बमोजीम गर्नेछ ।

**८. पदबाट हटाउन सक्ने:** समितिमा मनोनयन गरेका सदस्यहरुको कार्य सन्तोषजनक नभएको नगर कार्यपालिकाले ठहर गरेमा समितिका सदस्यलाई आफ्नो पदबाट हटाई बाँकी पदावधिको लागी रित्त पदमा मनोनयन गर्न सक्नेछ । तर त्यसरी पदवाट हटाउनु पूर्व उचित सफाईको मौका दिइने छ ।

९.**योग्यता:** समितिमा रहने सदस्यहरुको मनोनयन गर्दा देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :

(क) देउमाई नगरपालिका भित्र रहेर दलित समुदायको हक अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको,

(ख) १८ वर्ष उमेर पुरा भएको नेपाली नागरिक,

(ग) फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति,

(घ) मानसिक सन्तुलन नगुमाएको व्यक्ति,

(ङ) बैंक तथा वित्तीय संस्थाको कालो सूचीमा नपरेको व्यक्ति ।

(च) देउमाई नगरपालिकालाई तिर्नु पर्ने कुनै कर, राजश्व, सेवा शुल्क लगायत बाँकी बक्यौता नभएको ।

**१०.समितिको काम, कर्तव्य र अधिकार :** यस कार्यविधिमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) यस कार्यविधिको सीमा भित्र रही दलित समुदायसँग सम्बन्धित नीति, कार्यक्रम तर्जुमा गरी देउमाई नगरपालिका समक्ष सिफारिस गर्ने,

(ख) देउमाई नगरपालिकाबाट स्वीकृत नीति, कार्यक्रमको अधिनमा रही दलित समुदायको हक अधिकारसँग सम्बन्धीत योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने,

(ग) दलित समुदायको राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक, शैक्षिक, स्वास्थ्य लगायतका क्षेत्रलाई समेटेर रणनीतिक योजना तयार पारी सोही अनुरुप कार्य गर्ने,

(घ) नगर क्षेत्रमा क्रियाशील दलित समुदायको क्षेत्रमा क्रियाशील दलित संघ, संस्था सँग सहकार्य, समन्वय गर्ने,

(ङ) समितिको बार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(च) दलित समुदायको समग्र विकास, सशक्तीकरण एवम् मूलप्रवाहीकरण सम्बन्धी बिषयमा देउमाई नगरपालिकालाई सुझाव दिने,

(छ) तोकिए बमोजिमको काम गर्ने, गराउने ।

**११. समितिको बैठक :** समितिको बैठक हरेक तिन महिनामा एक पटक बस्नेछ र यस बाहेक आवश्यकता अनुसार समितिको वैठक वस्न सक्नेछ । समितिको बैठकको निर्णयलाई अध्यक्षद्वारा प्रमाणित गरि राखिनेछ । समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ । समितिले आवश्यक ठानेमा समितिको कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ । समितिको वैठक सेवा सुविधा नगरकार्यपालिकाले तोके बमोजीम हुनेछ ।

## परिच्छेद-३

## समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार

१२.समितिका पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(१) समितिको नेतृत्व गर्ने,

(२) समितिको बैठकको अध्यक्षता गर्ने र बैठकमा कुनै विषय सर्वसम्मतिबाट निर्णय हुन नसकि मत बराबर भए निर्णायक मत दिने,

(३) सदस्य सचिवलाई बैठक वोलाउन आदेश दिने,

(४) बैठकमा योजना तथा प्रस्ताव पेश गर्ने,

(५) बैठकको निर्णय प्रमाणित गर्ने, बैठकको निर्णय कार्यन्वयन गर्ने, गराउने,

(६) नगरपालिका तथा प्रमुखसँग सम्पर्क, समन्वय गर्ने,

(७) आय व्ययको श्रेस्ता दुरुस्त राख्न लगाउने,

(८) पदाधिकारी तथा सदस्यहरुलाई कामको जिम्मेवारी तोक्ने,
(९) पदाधिकारी तथा सदस्यहरुको राजिनामा स्वीकृत गर्ने,
(१०) समितिको कामको अनुगमन तथा नियमन गर्ने/गराउने,
(११) समितिले निर्णय गरेका अन्य कार्यहरु गर्ने गराउने ।

**(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

(१) अध्यक्षले तोके बमोजीमको काम कार्य गर्ने,
(२) कार्य वाहक अध्यक्ष तोकेकोमा अध्यक्षले गर्ने सम्पूर्ण कार्य गर्ने, गराउने ।
(४) तोकए बमोजीमको अन्य कामहरु गर्ने गराउने

**(ग) सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

(१) समिति तथा अध्यक्षले तोके बमोजीमको कामकार्य गर्ने,
(२) अध्यक्षको परामर्शमा समितिको बैठक बोलाउने,
(५) समितिको तर्फबाट गर्नुपर्ने प्रशासनिक सम्पूर्ण कार्य गर्ने/गराउने,

**(ङ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) समितिको सम्पूर्ण आर्थिक कारोबारको जिम्मेवारी लिई कार्य गर्ने, गराउने ।
(२) समितिको आर्थिक योजना बैठक समक्ष पेश गर्ने र कार्यान्वयन गर्ने, गराउने ।
(३) कानून बमोजिम आर्थिक कारोबारको श्रेस्ता राख्ने, राख्न लगाउने ।
(४) कार्य समिति तथा अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने गराउने

**(च) सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

(१)अध्यक्ष तथा समितिलाई सहयोग गर्ने ।
(२) बैठकमा सहभागी हुने ।
(३) समिति तथा अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-४

## समितिको कोष

**१३. समितिको कोष र खाता सञ्चालन :** (१) समितिको आफ्नो छुट्टै कोष हुनेछ। साथै कोषको सम्पूर्ण निगरानी नगरपालीकाको रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको स्रोत देहाय बमोजिम हुनेछ :
(क) नगरपालिकाबाट विनियोजन गरिएको रकम,
(ख) प्रदेश सरकार र संघिय सरकारबाट प्राप्त हुने रकम,
(ग) कुनै व्यक्ति वा संघ, संस्थाबाट प्राप्त हुने दान, दातव्य, अनुदान रकम,
(घ) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,
(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।
(३) समितिको नामबाट गरिने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।
(४) समितिको कोषमा रहने सम्पूर्ण रकम नगरपालीकाले तोकेको सरकारी तथा प्राइबेट बैंकमा खाता खोली जम्मा गरिनेछ ।
(५) समितिको खाता सञ्चालन प्रचलित कानून बमोजीम वा नगर कार्यपालिकाले तोके बमोजीम हुनेछ ।
(६) समितिको आर्थिक बर्ष नगरपालिकाको आर्थिक बर्ष सरह हुनेछ ।

**१४. लेखापरीक्षण :** (१) समितिले आफ्नो आय व्यय नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नुपर्नेछ । नगरपालिकाको लेखापरिक्षण सँगै कोषको पनि लेखापरिक्षण गराई नगरपालिकामा प्रतिवदेन पेश गर्नुपर्नेछ ।

(२) नगरपालिकाले समितिको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र अन्य नगदी, जिन्सी जुनसुकै बखत जाँच्ने र जाँच्न लगाउन सक्नेछ ।

## परिच्छेद-५

## समितिको कार्यालय र छाप

**१५. समितिको  कार्यालयः** समितिको कार्यालय नगरपालिकाले निर्धारण र उपलब्ध गराएको स्थान र भवनमा रहनेछ ।

**१९. समितिको छापः** समितिको आफ्नै छाप हुनेछ । समितिको छाप समितिको बैठकले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-६

## विविध

**२१. संशोधन :** (१) यो कार्यविधि संशोधन गर्न आवश्यक भएमा समितिले तयार गरी प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(२) प्रस्तावित संशोधन प्रस्ताव उपयुक्त लागेमा प्रमुखले कार्यपालिकामा पेश गरी कार्यपालिकाले स्वीकृति दिएपछि मात्र संशोधन भई कार्यान्वयन हुनेछ ।

**२२. व्याख्याः** यस कार्यविधिमा लेखिएको कुनै विषयमा अस्पष्टता भए वा विवाद भई निरुपण हुन नसके सो विषयमा नगर कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

हेटौंडा नगरपालिका